६२२

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

आदेश

मु.नं. ३०६/२०७२/०७३

निर्णय नं. ३४

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेत ..............१ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, जनता माध्यमिक विद्यालय, कलैया, बारा ..........................................१ विपक्षी
सूचना अधिकारी, जनता माध्यमिक विद्यालय, कलैया, बारा ..............................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

बारा जिल्ला कलैया नगरपालिका वडा नं. १४ बस्ने मुकेश कुमार कुशवाहा समेतले जनता माध्यमिक विद्यालय, कलैया, बारा समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०४।२५ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३ को उपदफा (२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३ को उपदफा (३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा (३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी जनता माध्यमिक विद्यालय, कलैया, बाराका कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. यस विद्यालयको आन्तरिक स्रोतहरु के के हुन् ? उक्त स्रोतहरुवाट वार्षिक के कति आम्दानी हुन्छ सो विवरणको प्रमाणित प्रतिलिपि ।

२. यस विद्यालयमा आ.व. २०७०।०७१ मा छात्रवृत्तिको लागि कति रकम प्राप्त भएको थियो ? उक्त रकमबाट कति जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको थियो, छात्रवृत्ति पाउने विद्यार्थीहरुको नाम, ठेगान, कक्षा, अभिभावकको नाम र छात्रवृत्ति रकम सहितको विवरणको प्रमाणित प्रतिलिपि ।

३. यस कार्यालयको सूचना अधिकारीको नाम, पद, फोटो र सम्पर्क नं. समेतको विवरणको प्रमाणित प्रतिलिपि ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल भदौ ९ गते रोज ४ शुभम् ।